# स्थानीय राजपत्र

पिपरा गाउँपालिका द्वारा प्रकाशित

खण्ड :१ संख्या :३ मितिः २०७५/०४/१५

# भाग १

## पिपरा गाउँपालिकाको

# प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५

मूल्य रु १०

पिपरा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: ३ मिति: २०७५/०४/१५

## भाग-१

## पिपरा गाउँपालिकको

## प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५

**प्रस्तावना:** नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२

को उपदफा (१) बमोजिम पिपरा गाउँपालिका क्षेत्रभित्र लागू हुने गरी दोस्रो नगरसभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u>** : (१) यो ऐनको नाम पिपरा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन पिपरा गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **<u>परिभाषा</u>** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले पिपरा गाउँपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले पिपरा गाउँ कार्यपालिकासम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले पिपरा गाउँपालिका सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले पिपरा गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ङ) "सभा" भन्नाले संविधान बमोजिम गठन भएको गाउँसभा सम्झनु पर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **<u>नियम , कार्यविधि ,मापदण्ड तथा निर्देशिका बनाउने अधिकार</u>** : संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न आवश्यक मापदण्ड तथा अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको

निमित्त पिपरा गाउँ कार्यपालिकाले आवश्यक नियम कार्यविधि तथा निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

४. <u>**खारेजी र बचाउ**</u> : यो ऐन बन्नु अगाडि कार्यपालिकाबाट भएका प्रशासकीय प्रकृतिका निर्णय र आदेश कार्यविधि मापदण्ड यसै ऐन बमोजिम भएको मानिनेछ ।

**प्रमाणीकरण मिति :२०७५/०३/२८ गते**

**राजपत्रमा प्रकाशित मिति :२०७५/०४/१५ गते**

आज्ञाले ,

**रंजिता झा**

प्रमुख प्रशासकीय अधिकृत